# क्यालिफोर्नियाका मतदाताका लागि भाषा सहायता

नोभेम्बर २०२० मा मतदान गर्नका लागि तपाईंले थाहा पाउने सबै जानकारी नेपालीमा

ASIAN AMERICANS ADVANCING JUSTICE
ASIAN LAW CAUCUS

<u>छिटो सल्लाह!</u>

तपाईंको प्राथमिकताको भाषा अद्यावधिक गर्नका लागि अनलाईनमा https://voterstatus.sos.ca.gov मा जानुहोस् वा तपाईंको निर्वाचन कार्यालयलाई कल गर्नुहोस् । यदि तपाईंको क्षेत्रका लागि अनुवाद गरिएका सामग्रीहरू उपलब्ध छन् भने, ती सामग्रीहरू निःशुल्क तपाईंलाई हुलाकमार्फत पठाइनेछ ।

<u>यदि तपाईं यीमध्ये कुनै एक काउन्टीमा बस्नुहुन्छ भने:</u>

| | |
|---|---|
| कोन्ट्रा कोस्टा<br>(925) 335-7800 | सान्टा क्लारा (408) 299-8683 वा<br>(866) 430-8683 |

**यदि तपाईंले घरबाट मतदान गर्दै हुनुहुन्छ भने:** तपाईं बस्ने ठाउँको आधारमा, हुलाकमार्फत नेपाली "फक्सिमिली" मतपत्र उपलब्ध हुन सक्छ । फक्सिमिली मतपत्र भनेको अनुवाद गरिएको नमूना मतपत्र हो (मतदान गर्न नमिल्ने) जसले तपाईंलाई तपाईंको अंग्रेजी मतपत्र बुझ्न र भर्न सहयोग गर्नेछन् । फक्सिमिली मतपत्र माग्नका लागि तपाईंको काउन्टीको निर्वाचन कार्यालयमा सम्पर्क गर्नुहोस् वा https://voterstatus.sos.ca.gov मा तपाईंको प्राथमिकताको भाषा अद्यावधिक गर्नुहोस् ।

**यदि तपाईंले व्यक्ति नै उपस्थित भएर मतदान गर्दै हुनुहुन्छ भने:** भाषा सहायता उपलब्ध हुने वा नहुने कुरा तपाईंले मतदानका लागि दर्ता गर्नुभएको स्थानका आधारमा निर्धारण हुन्छ । यदि नेपाली सहायता उपलब्ध छ भने, त्यहाँ अनुवाद गरिएको चिन्ह र स्पष्ट रूपमा चिनिने गरि टाँसिएको "फक्सिमिली" मतपत्र हुन्छ । अंग्रेजी मतपत्रमा मतदान गर्न तपाईंलाई सहायता गर्नका लागि तपाईंले मतदान बुथमा लैजान पाउने गरी यस्तो मतपत्रको प्रति पनि उपलब्ध हुन्छ ।

<u>**तपाईंले व्यक्ति नै गएर मतदान गर्दा मौखिक सहायता प्रयोग गर्न सक्नुहुन्छ**:</u>

यदि मतदान स्थल वा मतदान केन्द्रमा नेपालीभाषी मतदान कर्मचारीहरू छन् भने, उनीहरूले आफूले बोल्ने भाषा उल्लेख गरिएको **ब्याज, रिबन वा स्टिकर लगाउनुपर्छ** । त्यहाँ भएको कोही मानिस नेपाली बोल्छन् भनी सूचना दिने संकेत पनि रहेको हुन्छ ।

तपाईंको रोजगारदाता वा युनियनमा नपर्ने भएसम्म तपाईंलाई मतदान गर्न **सहयोग गर्न तपाईंले दुई जना मानिसलाई ल्याउन** पाउनुहुन्छ । तपाईंको परिवारको सदस्य वा साथीलाई ल्याउनुहोस्!

**यदि तपाईं माथि उल्लेख नगरिएको काउन्टीमा बस्नुहुन्छ भने, नेपाली भाषाको मतपत्र र सहायता उपलब्ध छैन ।**